<u>अनुगमन प्रतिवेदन</u>

**जिल्ला समन्वय समितिको कार्यालय, धुन्चे, रसुवा**

**आमाछोदिङ्मो गा.पा. को वडा नं. २ को प्रशासनिक अनुगमन प्रतिवेदन**

१. अनुगमन सम्पन्न स्थानः- आमाछोदिङ्मो गा.पा., वडा नं. २, नेसिङ

२. पालिकाको क्षेत्रफलः- १२.१५ वर्ग किलोमिटर

३. जनसंख्याः- ९८२ जना (जनगणना २०७८)। हाल ७९५ जना मात्र।

४. पालिका केन्द्र सम्म पुग्न लाग्ने समयः सवारी साधनमा २ घण्टा, पैदल ४ घण्टा

५. बस्तीको संरचनाः-

- तामाङ (९८%), दलित (२%)
- जम्मा घरधुरी – करिव ३००

६. मुख्य घनाबस्ती भएको स्थानः- ग्रे भिलेज(करिव १७५ घरधुरी), नेसिङ (करिव ८० घरधुरी), सानो हाकु आदि

७. मूल पेशाः- कृषि (खेतीपाती), पशुपालन (भैसीपालन, वाख्रापालन, गाईपालन) आदि

८. बजारको अवस्था/पुग्न लाग्ने समयः-

- स्याफ्रुवेशी - सवारी साधनमा २ घण्टा
- धुन्चे - सवारी साधनमा ३ घण्टा

९. वडामा स्थित कार्यालयहरुः-

- बिद्यालयः ३ वटा रहेको
    - ग्रे मा.वि – करिव १६८ जना विद्यार्थीहरु
    - गोसाइकुण्ड प्रा.वि – करिव ४५ जना विद्यार्थीहरु
    - पार्वतीकुण्ड प्रा.वि – करिव १२ जना विद्यार्थीहरु
- स्वास्थ्य इकाईः ३ वटा रहेको
    - ग्रे स्वास्थ्य इकाई
    - पाङलिङ स्वास्थ्य इकाई
    - नेसिङ स्वास्थ्य इकाई

- कृषी कार्यालय: ग्रे कृषी शाखा (पालिकाले कृषी र पशु सेवाका प्राविधिक कर्मचारी समय समयमा खटाई सेवा सञ्चालन गर्ने)
- स्वास्थ्य सेविकाः ४ जना रहेको।
- अन्यः - ग्रे समृद्धी सहकारी, १० वटा भन्दा बढी उपभोक्ता समिति आदि

१०. वडामा कार्यरत पदाधिकारी/ कर्मचारीहरुः जम्मा ८ जना रहेको।

- निर्वाचितः ५ जना
- स्थायीः १ जना
- करारः २ जना

११. दैनिक सेवाग्राहीको संख्याः- अनुमानित ५ जना

१२. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिको संख्याः- जम्मा २११ जना

- अन्य ज्येष्ठ नागरिक: ७१ जना
- ज्येष्ठ नागरिक (दलित): १ जना
- ज्येष्ठ नागरिक एकल महिला: ५ जना
- विधवा: १३ जना
- पूर्ण अपङ्गता भएका व्यक्ति: २ जना
- अति अशक्त अपङ्गता भएका व्यक्ति: २ जना
- क्षेत्र तोकिएका बालबालिका: ११४ जना
- दलित बालबालिका: ३ जना

१३. सवारी साधनः १ वटा (सरकारी मोटरसाइकल)

१४. हाजिरी अवस्था रजिष्ट्रः- रजिस्टर। ई-हाजिरि नरहेको।

१५. प्रदान गर्ने सेवाहरुः- घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण, नविकरण, विविध सिफारिस, वडा कार्यालय मार्फत संकलन गरिने कर आदि

१६. प्रशासनिक भवनको अवस्थाः- ५ वर्ष पुरानो। आफ्नै भवन।

१७. आफ्नै भवन भए/नभएकोः- आफ्नै १ तले ९ आना जग्गामा बनेको भवन भएको

१८. नागरिक वडापत्रको अवस्था र सो बमोजिम प्रदान हुने सेवाहरुको संख्याः- नभएको।

१९. स्थालगत अनुगमन गरिएका अन्य कार्यहरुः- नगरिएको

२०. नया थालनी भएका कार्यहरुः- गोरेटो वाटो निर्माण, अर्गानिक खेती प्रोत्साहन आदि

२१. पालिकाले चलाएका आयोजनाः

- गोरेटो बाटो निर्माण – ६ लाखको ठेक्का
- छुर्देङ सडक निर्माण – ५ लाखको ठेक्का
- सडक निर्माणको लागि पालिकाले वडामा वार्षिक ३० लाख वरावरको कार्यक्रम संचालन गराउने

२२. भिलेज प्रोफाइलः- नरहेको

२३. विपद् म्यापिङ्गः- नरहेको

२४. समस्याहरुः-

- जनशक्ति (स्थायी/करार कर्मचारी) पर्याप्त नभएको कारण सेवा प्रवाह प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको
- विद्युत आपूर्ति अवरुद्ध भएको बेला सेवा प्रवाह प्रभावित हुने।
- सार्वजनिक यातायात सञ्चालन नभएको कारण सेवाग्राहीलाई वडा कार्यालयसम्म पहुँचमा कठिनाइ भएको
- वडाभित्रका सडकहरू स्तरीय नभएकाले सवारी यातायातमा समस्या
- वडा कार्यालयमा नागरिक वडापत्र नभएको

२५. सुझावहरु

- वडाले आवश्यक जनशक्ति पूर्तिका लागि पालिकामा प्रस्ताव पेश गरी करार वा अस्थायी रूपमा कर्मचारी व्यवस्थापन गर्न पहल गर्ने
- दैनिक सेवा निरन्तरताका लागि वैकल्पिक ऊर्जा स्रोत जडान गर्ने।
- पालिकालाई सडक मर्मत र स्तरोन्नतिका लागि बजेट विनियोजन गर्न अनुरोध गर्ने
- १ महिना भित्र स्पष्ट र अद्यावधिक नागरिक वडापत्र तयार गरी कार्यालयमा सबैले देख्ने स्थानमा राख्ने
- कृषी र भेटेनरी सेवा वडा मार्फत स्थायी रुपमा गर्ने/गराउने।
- कृषी उपजहरु वडासम्म पुर्‍याउने उचित व्यवस्था मिलाउने।
- पालिकाले समय-समयमा वडा अनुगमन गर्ने।
- वडाको वेवसाइट अद्यावधिक गर्ने। (ग्रेमा वडा कार्यालय रहेको लेखिएको)

तस्बीरहरुः




वडा कार्यालयाका पदाधिकारी तथा कर्मचारीहरुसंगको सामुहिक तस्बीर



वडा कार्यालयको बारेमा वडाका पदाधिकारी तथा कर्मचारीहरुसंग जानकारी लिदै



वडा कार्यालयको शौचालयको अवस्था



वडाभित्र रहेका अन्य कार्यालयहरुको जानकारी लिदै